नेपाल सरकार

**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**

# वैदेशिक रोजगार विभाग

## ई.पि.एस. कोरिया शाखा

थापाथली, ललितपुर

**प्रेस विज्ञप्ति**

केही दिन यता समाजिक सञ्जाल लगायत यदाकदा कोरियन भाषा परीक्षा उतिर्ण गरी रोष्टरमा रहेका कामदारहरुको विवरण/फाइल कम्पनी समक्ष ई.पि.एस. कोरिया शाखाबाट नपठाइएको र कोरिया लैजाने कोटा समेत कटौती भएको भन्ने तथ्यहीन र आधारहीन भ्रम फैलाइएको प्रति बैदेशिक रोजगार विभाग ई.पि.एस.कोरिया शाखाको ध्यानकर्षण भएको छ।रोजगार अनुमति प्रणाली (EPS) मार्फत नेपाली कामदारहरु कोरिया पठाउने कार्य नेपाल सरकार र दक्षिण कोरिया सरकार वीच भएको द्विपक्षीय सम्झौताको आधारमा कार्यान्वियन हुने विषय हो।यस प्रकृयामा नेपाल सरकार र दक्षिण कोरिया सरकार वाहेक अन्य कुनै पनि पक्षको संलग्नता हुने छैन।

एकपटक कोरियन भाषा परीक्षा उतिर्ण भएका कामदारहरु दुई बर्षसम्म कामदारको सूची (Job Roster) मा बस्न पाउनेछन्।कोरियाको साना तथा मझौला उद्योगलाई आवश्यक पर्ने कामदारको उचाई, तौल, लिङ्ग, उमेर, कामदारको अवस्था (कोरियामा पहिलो पटक जाने कामदार र कोरिया काम गरेर फर्केका कामदार) र देश जस्ता विवरण खुलाई कोरिया सरकारको सरकारी निकाय Human Resource Development (HRD) Service of Korea समक्ष कामदार माग गरी पठाउछ ।यसरी माग भई गएपछि HRD Service of Korea ले उक्त मापदण्डलाई मेलखाने गरी रोष्टरमा रहेका कामदारको सूचीबाट १:३ को अनुपातमा (१ जना कामदार माग भई आएको छ भने ३ जना कामदारको विवरण पठाउने) कामदारको विवरण/फाइल साना तथा मझौला उद्योगमा पठाइन्छ। सो विवरणबाट उद्योगले आफुलाई चाहिने कामदार छनौट गर्दछ।यसरी रोष्टरमा रहेका कामदारहरु छनौट गर्ने प्रकृया नियमितरुपमा भैरहन्छ ।सोही प्रकृया बमोजिमनै हाल सम्म एकलाख भन्दा बढी नेपाली कामदारहरु कोरिया प्रवेश गरीसकेको अवस्था रहेको छ ।रोष्टरमा रहेका कामदार छनौट कार्य रोजगारदाता मुलुक दक्षिण कोरियाको साना तथा मझौला उद्योगबाट कामदार आवश्यक परी माग भई आएपछि मात्र छनौट हुने हुदा कुनै पनि प्रकृयामा कोही कसैको भनसुन एवम् ई.पि.एस. कोरिया शाखा, एच.आर.डि.कोरिया शाखा लगाएत कुनै पनि निकायको हात नरहने र प्रकृयाबाट हदै आइरहेको र सोही बमोजिम हुदै जाने यथार्थता प्रष्ट पार्न चाहन्छौ ।

सन २०२३ सम्म कृषि तथा पशुपालन, उत्पादनमूलक र शिपविल्डिङ्ग क्षेत्रबाट मात्र कामदार लादै गरेकोमा सन २०२४ देखि बन क्षेत्र, सेवा क्षेत्र र रुट ईन्डष्ट्री क्षेत्र समेत थप गरी उक्त क्षेत्रमा नेपालबाट कामदार लैजान र विगत बर्षको भन्दा सन २०२४ मा अझ बढी सख्यामा नेपाली कामदार कोरिया लैजाने व्यहोराको पत्राचार कोरिया सरकारबाट भएको छ ।

रोजगार अनुमति प्रणाली (EPS) मार्फत नेपाली कामदार कोरिया पठाउने कार्य दुई देश वीच भएको सम्झौता बमोजिम निष्पक्ष, पारदर्शी र व्यवस्थितरुपमा Government to Government माध्यमबाट हुनेहुदा कुनै पनि तथ्यहीन,आधारहीन, भ्रामक र कपोलकल्पित हल्लाको पछाडि नलाग्न र कोही कसैलाई पनि लाग्न प्रेरित नगर्नुहुनका साथै आधिकारिक निकायबाट प्रकाशित सूचनालाई मात्र विस्वास गर्नुहुन सम्बन्धित सबैमा बैदेशिक रोजगार विभाग ई.पि.एस. कोरिया शाखा हार्दिक अनुरोध गर्दछ ।

मितिः २०८०।११।३०

२०८०/११/३०

शाखा अधिकृत